## मिति २०८०।०२।३२ गते बसेको निस्दी गाउँ कार्यपालिकाको ३१ औं बैठकका प्रस्ताबहरु

१) रिपोर्टिङ्ग सम्बन्धमा ।

२) रकम भुक्तानी तथा आर्थिक सहायता सम्बन्धमा ।

३) गाउँसभा अधिवेशन सम्बन्धमा ।

४) आयोजना अनुगमन सम्बन्धमा ।

५) जगगाको न्यूनतम मूल्याङ्कन सम्बन्धमा ।

६) निस्दी कृषि तथा पशु उद्यमशिलता परियोजना सम्बन्धमा ।

७) विविध

ध्रुव दयाल
प्रमुख प्रशासकिय अधिकृत

## मिति २०८०।०२।३२ गते बसेको निस्दी गाउँ कार्यपालिकाको ३१ औं बैठकका निर्णयहरु

१.प्रस्ताब नं १ माथि छलफल गर्दा गत कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयन भएको पाइयो । साथै वडागत रुपमा सात वटै वडाका वडा अध्यक्षहरुले सार्वजनिक सेवा प्रवाह, जन गुनासो सम्वोधन, आयोजना संचालनको विषयमा यस कार्यपालिका बैठक समक्ष रिपोटिङ्ग गर्नुभयो ।

२. प्रस्ताब नं २ माथि छलफल गर्दा चालु आ.व २०७९।०८० मा संचालित वडा नं ७ ज्यामीरेको मोटर वाटो मर्मतका लागि नपुग रकम, चारघरे लि.खानेपानीको लागी नपुग रकम, प्रगती आ.वि., ज्यामीरे खानेपानीका लागि पानी तान्ने पम्प खरिद गर्न, चालू आ.व. ०७९।८० मा कार्यान्वयन हुन नसकेको वडा नं. ७ अन्तरगतको टाँटाङ्दी खोला खा.पा.शिर्षकबाट भूक्तानी दिने निर्णय गरियो । निस्दी गाउँपालिका अन्तरगतका नाकामा स्वागतम् वोर्ड राख्नको लागी विविध खर्च शिर्षक वाट भुक्तानी दिने निर्णय गरियो । राष्ट्रिय महिला अधिकार दिवसको उपलक्ष्यमा आयोजित कार्यक्रमको लागी अधिकतम रु १८५०० विविध खर्च शिर्षकबाट भूक्तानी गर्ने निर्णय गरियो । नेपाल शिक्षक संगठनको लागी आर्थिक सहायता शिर्षक बाट रु.४० हजार सहयोग गर्ने निर्णय गरियो ।

३. प्रस्ताब नं ३ माथि छलफल गर्दा आगामी आ.व २०८०।०८१ को बार्षिक नीति, कार्यक्रम तथा बजेट पेश गर्न मिति २०८०।३।१० गते दिनको ११ बजे गाउँ सभाको १३ औं अधिवेशन आव्हान गर्ने निर्णय गरियो ।

४. प्रस्ताब नं ४ माथि छलफल गर्दा निस्दी गाउँपालिकाबाट चालु आ व २०७९।०८० मा ठेक्का प्रक्रियावाट संचालित आयोजनाको कार्यपालिका स्तरीय अनुगमन टोलीबाट बाट विभिन्न मितिमा गरिएको अनुगमनबाट प्राप्त सल्लाह सुझाव उपर समीक्षा गरियो । साथै उक्त आयोजनाहरुको फछ्र्यौट गर्न अनुगमन प्रतिवेदन यस कार्यपालिका समक्ष पेश गर्ने निर्णय गरियो ।

५. प्रस्ताब नं ५ माथि छलफल गर्दा आ.व २०८०।०८१ को लागि जग्गाको न्यूनतम् मूल्यांकन सिफारिस गर्ने सम्बन्धमा आ.व २०७९।०८० कै दर रेट लाई यथावत राख्ने राजश्व परामर्श समितिको मिति २०८०।०२।१७ गतेको निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

निस्दी गाउँपालिका
कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश, नेपाल
मित्याल, पाल्पा

०८०।३।१
ध्रुव दयाल
प्रमुख प्रशासकिय अधिकृत